# वीपी कोइरालाको राजनीतिक प्रस्थानविन्दु

*ईश्वरीप्रसाद कंडेल*[*]


## सार संक्षेप

*इतिहासको कालखण्डमा विश्वसमुदायमा विभिन्न पक्षको परिवर्तन भएको देखिन्छ । भौगोलिकताबाहेक हरेक विषयमा विभिन्न किसिमका गतिविधि भएर राजनीतिक तथा प्रशासनिक परिवर्तन भएका पाइन्छन् । नेपालमा पनि नेपाली जनताका छोराबाट परिवर्तनको विजारोपण गरिएको परिवर्तनको सन्दर्भसँग प्रस्तुत लेख आबद्ध छ । प्रजातान्त्रिक राजनीतिक परिवर्तनबाट वाक् स्वतन्त्रता, सामाजिक न्याय, लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना, सम्पत्ति तथा सार्वजनिक सुरक्षा, व्यक्तिगत स्वतन्त्रता प्राप्त हुने देखिन्छ । जनताको विश्वासबाट मात्रै उपर्युक्त विषयहरु सम्बोधन गर्नसक्ने नेतृत्व आउन सक्दछ । तसर्थ जगत्को चाहनाअनुसार राजनीतिक रूपान्तरणका लागि विचार निर्माण गर्नु र जनताको बीचमा रहन पनि जनताकै भलाइका लागि काम गर्न आवश्यक छ । यसैका लागि वीपी कोइरालाले राजनीतिक वातावरणको अभावका बावजुद पनि नयाँ राजनीतिक खाका कोरे, जुन राजनीतिक स्वतन्त्रताको आधार बन्यो ।*


**मुख्य शब्दः** रूपान्तरण, खाका, विश्वबन्धुत्व, अनुभूति, स्वार्थपरायण

## अध्ययन विधि :

प्रस्तुत अध्ययनमा गुणात्मक विधि अपनाइएको छ । विपि कोइरालाको राजनीतिक जीवन र उनको दार्शनिक चिन्तनबारे उनका भाषण र अन्तरवार्तालाई प्राथमिक स्रोत तथा उनका बारेमा लेखिएका अन्य सामग्रीलाई सहायक सामग्रीको रूपमा उपयोग गरेर बिश्लेषण गरिएको छ ।

## परिचय :

चौधौँ शताब्दीको पूर्वार्द्धमा सक्रियरूपमा देखापरेको परिषदीय आन्दोलनको सफलतापछि युरोप आधुनिक राज्य निर्माण प्रक्रियामा जुट्यो । त्यसअघि धर्मका नाममा सञ्चालन भएका सबै धार्मिक राज्यहरु आधुनिक राज्यमा रूपान्तरण भए । परिणामस्वरूप पोपको अधिनमा रहेका चर्चहरु जनताको अधिनमा आए । यसको अर्थ त्यहाँको भूगोलमा परिवर्तन भयो भन्न खोजिएको होइन । त्यहाँ त केवल शासन व्यवस्थामा मात्र परिवर्तन गरियो । परिवर्तनको शृङ्खलाको निरन्तरताकै रूपमा सन् १७८९ मा फ्रान्सेली राज्यक्रान्ति भयो । फ्रान्सेली राज्यक्रान्तिले विचार निर्माणको आधार तय

---

* डा. कंडेल त्रि.वि. राजनीतिशास्त्र केन्द्रीय विभागमा सहप्राध्यापक हुनहुन्छ ।

गऱ्यो । मानव मानव बिचमा रहेको वैमनस्यता हट्दै गयो । उक्त क्रान्तिले विश्वबन्धुत्व र भातृत्वको भावनाको विकास भयो । सन् १७८९ देखि १८१५ सम्म लगभग ३६ वर्ष उक्त आन्दोलनको समयावधि देखिन्छ । त्यस आन्दोलनले विश्वलाई भाइचाराको नीति लिनुपर्ने पाठ पनि सिकायो (गिरी, २०६८, पृ.१-९) । युरोपको तरल राजनीतिले ठोस रूप लिन थालेपछि अङ्ग्रेजहरूको मुख एसियातिर फर्कियो । हिन्दुस्थानमा त यसभन्दा पहिला नै अङ्ग्रेजहरूको शासन चलिसकेको पाइन्छ । चीनमा पनि अंग्रेजहरूले हस्तक्षेप गरेको देखिन्छ । यस कुराको पुष्टि नानकिङ सन्धिले गर्दछ । यो सन्धि चीनबाट हङकङलाई अलग गराउने क्रममा भएको देखिन्छ । अफिम व्यापार तथा अन्य विषयले अंग्रेजदेखि चीन आजित थियो भने हिन्दुस्थानीहरूले पनि अंग्रेजको उपस्थितिलाई समाप्त पार्न चाहन्थे । फलस्वरूप महात्मागान्धीले अहिंसात्मक आन्दोलन सुरू गरे । त्यस आन्दोलनले औपनिवेशिक मुलुक भारतलाई स्वतन्त्र गरायो । नेपालमा पनि अंग्रेजहरूको आडमा राणाशासकले जनताको मौलिक अधिकारमाथि कुठराघात गरिहेको अवस्था थियो । चीनको इतिहास पढेर र भारतीय आन्दोलनको प्रभावमा परेर नेपाली धर्तीमाताका सपुत वीपी कोइरालाले नयाँ विचार र दृष्टिकोणको आधार निर्माण गरे । जनताको वास्तविक अधिकार खाना, नाना, र छानाबाट पूरा हुन्छ भन्ने मार्क्सवादी चिन्तनलाई अनुसन्धानात्मक दृष्टिबाट उनले हेरे । मार्क्सवादी चिन्तनको विरोध गर्ने ठाउँ उनले देखेनन् । उनले त मार्क्सवादमा रहेको अभावको खोजी गरे । त्यहाँ एक चीजको अभाव उनले देखे, त्यो अभाव भनेको राजनीतिक स्वतन्त्रता थियो । यही विषयलाई स्थापित गर्न उनी जीवनभर लागिरहे ।

वीपी कोइरालाले यही राजनीतिक आदर्शलाई भविष्यको बाटो कोर्ने योजना मुताविक अभ्यास गर्दै गए । उनको विचार नेपाली कांग्रेसका लागि आदर्श बन्यो । उनको विचार नेपाली कांग्रेसको लागि मात्रै होइन अन्य वापन्थी दलहरूका लागि पनि गन्तव्यमा पुग्ने आधार बन्दै गइरहेको देखिन्छ । २०४८ सालमा मदनकुमार भण्डारीको बहुदलीय जनवाद र नेकपा माओवादी केन्द्रले अवलम्बन गरेको लोकतान्त्रिक अभ्यासले यस कुरालाई स्पष्ट पार्दछ । सैद्धान्तिक दृष्टिकोणले वीपी कोइरालाको राजनीतिक दर्शनलाई नेपाली कांग्रेसको आर्दश ठानियो । तर, व्यावहारिक दृष्टिकोणले अध्ययन गर्ने हो भने बहुलवादमा आस्था राख्ने समाजवादी राजनीतिक दलहरूहरूमा उनको राजनीतिक दर्शनको प्रभाव रहेकै देखिन्छ । जब समाजमा नयाँ चिन्तनको विकास हुँदै गयो तब सबै तह र तप्कामा संलग्न पक्षले वीपी कोइरालाको आदर्शलाई अनुभूत गर्न थाले । गरिब किसानको हक तथा अधिकार, महिला तथा विपन्न वर्गको उत्थान, नागरिक अधिकारको रक्षा, भौगोलिक तथा सामाजिक र सांस्कृतिक रूपमा पिछडिएको समाजको रक्षा, वातावरणको संरक्षण, जातीय संकीर्णताको अन्त्य, लोकतन्त्रका आधारभूत मान्यताको स्थापना, असहाय, अपांग तथा असुरक्षित वर्गको हित, राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक तथा मानसिक रूपमा पछि परेको वा पारिएको भनिएको समुदायको सम्बोधनलगायतका विषयमा उनको योगदान विशिष्ट किसिमको रह्यो । लोकतन्त्रभित्र राजतन्त्रको परिकल्पना गर्दै उनले भनेका छन् "देश र व्यक्तिको निश्चित परिणामको परवाह नगरेर यो घोषणा गर्ने इच्छा हुन्छ कि नेपालका लागि गणतन्त्र अब आवश्यक भएको तर क्रोधको वेगमा देशको चिन्तन सम्भव हुँदैन । क्रोधमा आएर उठेको यो विचार पौष १ गतेको शाही कदममा निहित विचार

जस्तै मूर्खतापूर्ण र स्वार्थपरायण हो । राजाको स्थान हाम्रो राजनीतिमा के हुनुपर्छ भन्ने मेरो पुरानो विचारमा  पौष १ गतेको घटनाले परिवर्तन ल्याउन सकेको छैन (कोइराला, २०५४, पृ. १९) ।" उनको यो उद्गारले विशिष्ट राजनीतिक संस्कृतिको परिचय दिन्छ । शासनसत्ताको निर्माण आमजनताको भावनाको प्रतिनिधित्वबाट हुनुपर्दछ भन्ने कोइरालाका आदर्श वाणीलाई ७ दशकपछि नेपालमा अभ्यास गरिएको देखिन्छ । यस कुराको पुष्टि संविधान निर्माणमा रहेको सर्वपक्षीय संलग्नताले गर्दछ ।

## राजनीतिक चिन्तनका आधार :

सिन्धुलीको दुम्जाबाट विराटनगर झरेका उनका पिताले संस्कृत र फारसी भाषाका अतिरिक्त अंग्रेजीको अध्ययन गरेका थिए । हिन्दुस्थानी पत्रपत्रिका र राजनीतिक दर्शनसँग सम्बन्धित ग्रन्थहरूको अध्ययनबाट उनलाई अन्तर्राष्ट्रिय राजनीतिक ज्ञानआर्जन गर्न सहयोग पुगेको देखिन्छ । वीपी कोइराला कृष्णप्रसाद कोइरालासँग सिराहास्थित जयनगर नजिकै भन्सार अड्डाको एउटा कचहरीमा गएका थिए । त्यस कचहरीमा भएका कुराकानी र पहाडबाट तराई झरेका ढाक्रेसँगको भेटघाटले उनको मनमा नयाँ तथा आधुनिक विचारको प्रार्दुभाव भयो । एउटा सफल व्यापारीकारूपमा परिचित कृष्णप्रसाद कोइराला आर्थिक रूपमा सन्तुष्ट थिए तर पनि उनको मनमा सन्तुष्टि आउन सकेको थिएन । संयोगवश एक दिन उनी घोडामा सवार हुँदै थिए, कुनै अदृश्य शक्तिले उनको दिमागमा नयाँ तथा सबैका लागि हित हुने विचार निर्माण गरिदियो । यस विषयको सन्दर्भमा आत्मवृतान्त (शर्मा, २०६८)मा यसरी उल्लेख गरिएको छ "कृष्णप्रसाद, तिमीले यी सबै कुरा आफ्नो निम्ति गऱ्यौ, तिमीले पैसा कमायौ, आफ्नै निम्ति, आफ्नी दुलहीको निम्ति, आफ्नो हितको निम्ति, तिमीले अहिले जो घमण्ड गरिरहेका छौ त्यसमा घमण्ड गर्ने केही कुरा छैन । तिमीले के गऱ्यौ ? जबसम्म तिमीले अरूको निम्ति केही गर्दैनौ, तबसम्म तिमीले कमाएको केही माने हुँदैन । यी त कुनै स्वार्थी व्यक्तिका निम्ति सन्तोषको कुरा हो (पृ. २) ।" त्यसपछि उनका बाबा कृष्णप्रसाद कोइरालाले राणा प्रधानमन्त्री चन्द्रसमशेरलाई कपडाको पार्सल, चन्द्रसमशेरकी रानीलाई राखेर महिला समिति गठन गरेको पत्र, महिला पुरूषको बराबरी हक हुनुपर्ने लगायतका कुरा समेटेर पत्र लेखे (बस्नेत, २०६६, पृ. ९) । जागिर तथा व्यापारबाट जनताको मुक्ति नहुने निष्कर्षमा उनी पुगे । कुनै पनि किसिमको लोभ मोहले उनलाई प्रभाव पनि पार्न सकेन । कृष्णप्रसाद कोइरालाको अन्तरआत्ममा नेपाली जनताले पाउनुपर्ने राजनीतिक, आर्थिक तथा सामाजिक तथा सांस्कृति अधिकारका लागि राणासरकारसँग लड्नु पर्दछ भन्ने धारणा संस्थागत बन्दै गयो । अन्ततः उनको मनमा राणाशासकको अत्याचारको विरूद्ध लड्ने आँट आयो ।  उनले तत्काल स्कुल खोल्नका लागि अनुशीलन भन्ने एउटा शिक्षकलाई कलकत्ताबाट ल्याए र संस्कृत पाठशाला पनि खोले । स्वास्थ्यका लागि उनले बङ्गाली डाक्टरको व्यवस्था पनि गरे । विराटनगरमा उनले नै पहिला अस्पताल खोलेका थिए । यी सबै विकासात्मक कार्यहरु राणासरकारका लागि तगारो बन्दै गइरहेको पाइन्छ । कृष्णप्रसाद कोइरालाको सर्वस्व जफत गरी राणासरकारले देश निकाला गरिदियो । उनलाई भारतमा कष्टकर जीवन जिउन बाध्य पारियो (शर्मा, २०६८, पृ. ६) । एक दिन एउटा अखबारले एक जनाका दुई छोरामध्ये एउटालाई

मृत्युदण्ड र अर्कोलाई कालापानीमा सजाय दिएको कुरा कृष्णप्रसाद कोइरालाले पढे । त्यसपछि कृष्णप्रसाद कोइरालाले वीपी कोइरालालाई लिएर उक्त व्यक्तिलाई सान्त्वना दिन उसैको घरमा गए । उक्त व्यक्तिले कृष्णप्रसाद कोइरालालाई देख्नासाथ खरदार साहेब, एउटा छोरा त देशको निम्ति काम लाग्यो, अर्को पनि मरेसरह नै भयो । उसको र मेरो भेटघाट हुँदैन भनेपछि वीपी कोइरालामा राजनीतिक अमृत घुस्यो । उनले तानाशाहको हर्कत के कस्तो हुँदो रहेछ भन्ने विषय अरू कसैबाट सिक्नै परेन । यही घटनाले उनको मस्तिष्कमा राजनीतिक चेतनाको बीउ रोपिदियो जुन समाजवादी चिन्तनको माध्यमबाट विश्वभरि अंकुरण हुँदै गइरहेको देखिन्छ । तात्कालिक समयमा भारत पनि अंग्रेजविरूद्धको आन्दोलनमा होमिएको थियो । भारतीय स्वतन्त्रता संग्रामको आन्दोलनलाई उनले नजिकबाटै रूचिपूर्वक तवरले हेरिरहेका थिए । वीपी कोइरालाका लागि उपर्युक्तबमोजिमका क्रियाकलापहरु राजनीतिक चिन्तनको पृष्ठपोषक बन्दै गए । विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो बाबुको क्रियाकलापलाई राजनीतिक चिन्तनको आधार बनाउँदै गए । तसर्थः पारिवारिक पृष्ठभूमि नै वीपी कोइरालाको राजनीतिक प्रस्थान विन्दुको आधार मान्न सकिन्छ ।

उनले सर्वसत्तावादी राजनीतिक चिन्तकहरूको क्रियाकलापलाई आमनागरिकको बीचमा लाने अठोट गरे । रूसी क्रान्तिबाट गरिबको शासन आएको भन्ने हल्लाको पनि भारतमा चर्चा थियो । टर्की साम्राज्य, सन्यात्सेनको नेतृत्वमा चीनमा चलेको आन्दोलन, अमेरिका तथा जापान लगायत विश्वभरि नै चलेका आन्दोलनहरूको अध्ययन वीपी कोइरालाले गरिरहेका थिए । हिन्दुस्थानमा महात्मागान्धीको उदय भइसकेको अवस्था थियो । हिन्दुस्थानमा तात्कालिक अवस्थामा दुईवटा राजनीतिक धार रहेको पाइन्छ । एउटा धारमा नरमपन्थीहरूको संलग्नता थियो भने अर्को धारमा गरमपन्थीहरु थिए, भनिन्छ । नरमपन्थीहरूको धारको नेतृत्वकर्ता महात्मागान्धी थिए । उनले भारतमा चलाएको अहिंसात्मक आन्दोलनबाट वीपी कोइराला प्रभावित भएको देखिन्छ (शर्मा, २०६८, पृ. ७) । वीपी कोइरालाको सङ्गत रामचन्द्र अधिकारीसँग पनि रहेको देखिन्छ । रामचन्द्र यथार्थतामा भन्दा भावुकतामा विश्वास गर्थे । वीपी कोइरालाको स्वाभाव पनि भावुक थियो (कार्की, २०६८, पृ. ५३–५५) ।

उक्त समयमा नेपालमा राणाशासन थियो भने भारत अंग्रेजको उपनिवेश थियो । राणाहरूको एकतन्त्रीय शासनलाई ब्रिटिस साम्राज्यवादले संरक्षित गरेको छ भन्ने बुझाई कृष्णप्रसाद कोइरालाको थियो भने देवीप्रसाद सापकोटा यसको विपक्षमा थिए । कृष्णप्रसाद कोइरालाले भारतीय राष्ट्रिय आन्दोलनलाई सहयोग गरी चाँडोभन्दा चाँडो अंग्रेजहरूलाई भारतबाट धपाउने पक्षमा थिए । अंग्रेजलाई रिझाएर आफ्नो सत्ता संरक्षित हुन्छ भन्ने विश्वास राणाहरूको थियो । तर, नेपालमा राणाशासनको अन्त्य गर्नपनि अंग्रेजको विरूद्ध भारतीय आन्दोलनमा सहयोग गर्नुपर्ने धारणा वीपी कोइरालाको थियो । त्यसैकारणले उनले भारतीय असहयोग आन्दोलनलाई सघाउन स्कुल छोडेको देखिन्छ । त्यसपछि उनका पिताजी वनारस छोडी भागलपुरको टेढी भन्ने गाउँमा वासुदेव वर्मा भन्ने महात्मासँग केही रिन लिएर जग्गा किनी बसे । विश्वेश्वरप्रसादले त्यहीँ स्कुलमा पढ्न थाले । एकदिन उनले होली खेल्नेक्रममा मुनरिया भन्ने काम गर्ने केटीलाई जिस्काएको कुरा पिताजीलाई बताएपछि उनले

पिताजीबाट पिटाइ खाए । त्यसपछि साँचो बोलेवापत पिटाइ खाएकोमा उनले साँचो बोल्नु पनि खराब रहेछ भन्ने महसुस गरे । टेढीको बसाइ बाढीका कारण प्रभावित भएपछि वीपी कोइरालाले वनारसमा जाने सुरू गरे तर उनका पिताजीसँग पैसा थिएन । उनले नलिनीसँग केही सुन लिए र सानीआमाकी बहिनीसँग पनि एक तोला सुन लिएर वनारस आए । वनारसमा उनी कक्षा ७ मा भर्ना भए । उनी त्यहाँ रहँदा हजुरआमासँग बस्दथे । हजुरआमाको बसाइ पनि दुखद नै थियो । उनले पछि आधा फि माफी गराए । उनी सन् १९२९-३० तिर दसौं कक्षामा पढ्थे । वनारसमा राजनीतिक आन्दोलनहरू दिनहुँजसो हुन्थे । प्रत्येक आन्दोलनमा उनको उपस्थिति अग्रपंक्तिमा हुन्थ्यो । एक पटक यू.पी.का गर्भनरले कविता गोष्ठीको आयोजना गरेकोमा उनलाई सहभागी गराइयो । उनले ब्रिटिसको विरोधमा देशभक्तिभावयुक्त कविता वाचन गरे । उनी विचारमा गान्धीवादी भएपनि व्यवहारमा बोसपक्षधर थिए । उनको सङ्गत गरमपन्थीसित भएकोले उनीसँग एउटा रिभल्वर थियो (शर्मा, २०६८, १५) । उनी गरमपन्थी संगठनमा लागेकोले पक्राउ परे । मैदागिननिरको कोतवाली भन्ने ठाउँमा उनलाई राखियो । ठुल्दाजी र उनलाई छुट्टाछुटै कोठामा हतकडीसहित राखियो । पछि दुवै जनालाई मोतिहारीको हाजारीवाग भन्ने जेलमा लगियो । त्यहाँ केही गरमपन्थीका मानिसहरूलाई फाँसीको सजाय सुनाइएको थियो भने केही मानिसहरूलाई आजीवन जेल चलान गरिएको थियो । तर,वीपी कोइरालालाई भने मुद्धा चलाउने प्रमाण पुगेन र छाडियो । उनको गिरफ्तारीले राजनीतिक चेतनाको स्तरलाई फराकिलो पार्न मद्दत पुऱ्यायो ।

मार्क्सवादको प्रभावबाट पनि विचार निर्माण तयार पार्ने वातारण मिलेको देखिन्छ । शान्तिप्रिय द्विवेदी, मैथलीशरण गुप्ता, रामकृष्ण दास, जयशंकरप्रसाद, जयप्रकाश नारायण, विनोदशंकर व्यास, देवकान्त वरूवा लगायतसँगको सम्पर्कले उनलाई सोसलिस्ट आन्दोलन र साहित्यको अध्ययन गर्ने मौका मिल्यो । उनले मरेठ षडयन्त्रमा फँसेका केही मानिससँग सम्पर्क बढाए । उनले स्टडी सर्किल बनाई मार्क्सवादको अध्ययन गर्न थाले । यस क्रममा बुखारिन, लेलिन, ट्राट्स्की, मार्क्स, प्लेखानोभ लगायत विश्वप्रसिद्ध दार्शनिकहरूले लेखेका ग्रन्थहरूको अध्ययन उनले गरे । कम्युनिस्टहरू बढी क्रान्तिकारी हुन्छन् भन्ने छाप उनलाई यसभन्दा पहिल्यै परिसकेको देखिन्छ । भारतीय कम्युनिस्टहरूको व्यवहारलाई उल्लेख गर्दै उनले आत्मवृत्तान्तमा (शर्मा, २०६८) यसरी आफ्नो धारणा दिएका छन "भारतमा एउटा राष्ट्रिय आन्दोलन, यत्रो ठुलो यथार्थलाई केही पनि होइन, गान्धी अंग्रेजको अचेतन दलाल हो भन्ने कुराले भारतीय कम्युनिस्ट मात्र होइन कि अन्तर्राष्ट्रिय रूपमा नै कम्युनिस्टको छवि केवल दोषका लागि दोषी करार गर्नुबाहेक अरू केही पनि होइन (शर्मा, २०६८, पृ. १६-२१) ।" ट्राट्स्कीको अन्तर्राष्ट्रियतावादबाट प्रभावित कोइरालालाई कम्युनिस्ट सिद्धान्तले प्रभाव पारेन, बरू लोकतान्त्रिक बाटो हिंड्ने वातावरण तयार पारिदियो । भारतमा जयप्रकाशको नेतृत्वमा कांग्रेस सोसलिस्ट पार्टी गठन भएपछि सुसंगठितरूपमा सोसलिस्ट आन्दोलन चल्न थाल्यो । गान्धीवादी र समाजवादीको बीचमा मतभेद भएपनि समाजवादीहरूले गान्धीलाई बडो आदर गर्थे । जवाहरलाल नेहरु र जयप्रकाशको सम्बन्धलाई वीपी कोइरालाले निकै नजिकबाट अध्ययन गरिरहेका थिए । दार्जिलिङमा वकालत गर्नेक्रममा सविधान र कानुनका विषयमा उनी निकै रूचि राख्थे । त्यही

समयमा विश्वयुद्धको हल्ला चल्दै थियो । टंकप्रसाद आचार्य लगायतका नेपालीहरु समातिएका थिए । हिटलर र मुसोलिनीका कुराहरूको निकै चर्चा हुने गर्थ्यो । उक्त समयमा तात्कालिक भारतीय कम्युनिस्ट पार्टीले युद्धको तयारी गर्ने जस्तो गरि प्रचार गरिरहेका थिए । महात्मागान्धी उनिहरूको प्रचारबाट प्रभावित हुन सकेनन् । प्रमाणविनाको हल्लाको भरमा क्रान्ति सम्भव नहुने उनको तर्क थियो । उनी महायुद्ध सुरू हुनासाथ नेपालको राजनीतिमा उत्रने निर्णयमा पुगिसकेका थिए । सन् १९४२ को *भारत छोडो* भन्ने आन्दोलनमा उनी विराटनगरमा थिए । बहुलवादी लोकतन्त्रबाट मात्रै व्यावसायमुखी अर्थतन्त्रको निर्माण हुने र त्यसको प्रभाव गरिब जनतासँग पुग्नसक्छ भन्ने उनको धाराणा थियो । वीपी कोइरालाको अर्थनीति सम्बन्धी धारणा र बहुलवादको बीच एक किसिमको सम्बन्ध देखिन्छ, जसबाट विचार र विकासको निर्माण सम्भव हुनसक्दछ (ओझा, २०६८, पृ. ४९-५२) । लोकतान्त्रिक पद्धितबाटै सबै समस्याको समाधान हुन्छ भन्ने विषयमा उनी विश्वस्त थिए । राज्यको वागडोर जनताले चुनेको व्यक्ति वा संस्थाले मात्र पाउनसक्छ भन्ने विचारबाट उनी प्रभावित थिए । पारिवारिक पृष्ठभूमि, विभिन्न ग्रन्थहरूको अध्ययन, समसामयिक राजनीतिक घटनाक्रम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश, तात्कालिक शासकहरूको शासन शैली जस्ता विषयहरूले राजनीतिक चिन्तनलाई फराकिलो बनाएको देखिन्छ ।

महायुद्धमा ब्रिटिस साम्राज्यवादको मुकाविला हिटलरसँग थियो । युरोपभरि अंग्रेज नै सशक्तरूपमा हिटलरसँग लडिरहेको अवस्था थियो । युरोपमा अंग्रेजले कब्जा जमाए पनि बेलायती उपनिवेशबाट भारत मुक्त नभएसम्म नेपालमा राणाविरोधी आन्दोलन प्रभावहीन हुन्छ भन्ने विश्लेषण वीपी कोइरालाको रहेको पाइन्छ । यही विश्लेषणका आधारमा हिटलर र अंग्रेज दुवैको हार होस् भन्ने पक्षमा उनको मत केन्द्रित देखिन्छ । एकातिर महायुद्ध अर्कातिर भारत स्वतन्त्रताको आन्दोलन चलेको अवस्थामा वीपी कोइराला पटक पटक भारतीय भूमिमा पक्राउ परेको पाइन्छ । उनी भारतीय जेलबाट छुटेपछि सन् १९४२ मा जनकपुर आए । उनी जनकपुर आउँदा नेपालको अवस्था पनि खतरामुक्त थिएन । मुजफ्फरपुर र मोतिहारीबाट आएका धेरै मानिसहरु पक्राउ परिसकेको अवस्था थियो । जनकपुरबाट उनी बिहारको आरा भन्ने ठाउँ पुगे । त्यहाँ उनका साथी देवेन्द्रलाई खबर गर्न खोज्दा उनी र देबेन्द्र दुवै समातिए । उनीहरु दुवैलाई बाँकेपुर जेलमा लगियो । त्यहाँ राजेन्द्रप्रसाद पनि थिए । उनको सङ्गतले वीपी कोइराला अझै प्रभावित भए । त्यस समयमा महात्मागान्धी अनसन बसेको अवस्था थियो । हाजारीबाग जेलमा सारिएपछि राजेन्द्रप्रसाद र उनी एकै ठाउँमा बस्ने अवसर पाए । त्यहाँ श्रीकृष्ण सिन्हा, अनुग्रह, नारायण सिंह लगायतका थुप्रै समाजवादी नेताहरु रहेका थिए । वीपी कोइरालालाई उनीहरु सरह *ए* कलासको सुविधा थियो, उक्त जेलमा । सन् १९४२ मे ९ तारेखका दिन महात्मागान्धीले भारत *छोडो* भन्ने आन्दोलनको दिन परेको थियो । सो दिनमा वीपी कोइरालाले झन्डा लगाएर जेलभित्रकै बन्दी हुन तयार भएको घटनापछि नेपालीको छोराले भारतीय जेलमा देखाएको साहसको थुप्रै बन्दीहरूले प्रसंशा गरेको देखिन्छ । त्यहाँ रहेको अन्य बन्दीहरूले सो आँट गर्न सकेनन् (शर्मा, २०६८, पृ. ३०) । उनले त्यही वेलादेखि मानिस *ब्रेडले होइन ब्रेनले* चल्दछ भन्ने मान्यतालाई आत्मसात् गर्दै विश्वभरका तानाशाहहरूलाई चुनौती पनि दिए । हाल लोकतन्त्रवादीहरूसँग

तानाशाहहरू मिल्ने आधार पनि यही दर्शनमा आधारित देखिन्छ । भारतीय जेलहरूमा रहँदा उनले अंग्रेजलाई स्वार्थी लोकतन्त्रवादी भन्थे । जुनजुन जेलको नेतृत्व अंग्रेजका मानिसहरूले गरेका थिए ती ती जेलहरूमा कैदीहरूको लागि मिठो खाना, राम्रो ओछ्यान, पत्रपत्रिका पढ्ने, लेख्ने, खेलहरु खेल्ने तथा ससरसफाई लगायत जेलको समग्र पक्ष राम्रो थियो । जुनजुन जेलमा भारतीय अफिसरहरूको नेतृत्व थियो ती ती जेलहरूमा कैदीहरूका लागि राम्रो व्यवस्था थिएन (शर्मा, २०६८, पृ. २५-३०) ।

सन् १९४५ मा वीपी कोइराला भारतीय जेलबाट छुटेकै दिन पिता कृष्णप्रसाद कोइरालाको देहान्त भयो । यस दुखद घटनाबाट उनी रत्तिभर पनि विचलित भएनन् । महायुद्ध सकिनै लाग्दा उनले दातवालाको सोसलिज्म् रिकन्सिडर्ड् र मसानीको गान्धीज्म् रिकन्सिडर्ड् भन्ने पुस्तक पढेका थिए । उनले ती पुस्तकको अध्ययनपछि महात्मा गान्धी कसरी क्रान्तिकारी भए ? भारतीयले कसरी समाजवादको प्रयोग गरे ? आदि विषयमा उनी स्पष्ट भए । त्यसपछि उनको विचारमा ठुलो परिवर्तन आयो । गान्धीको आन्दोलन सफल भएपछि मार्क्सवादीको धारणामा परिवर्तन भयो । प्रगतिशील समाजवादका प्रणेता गान्धीको अहिंसात्मक आन्दोलनलाई मसानीले द्वन्द्ववादका आधारमा वर्णन गरेको देखिन्छ । उनको विश्लेषणबाट वीपी कोइराला अति प्रभावित भए । त्यही विचारपछि गएर राजनीतिक दर्शन बन्यो । जनताका वास्तविक अधिकार के के हुन ? किन शासकले राजनीतिक, आर्थिक तथा सामाजिक तथा सांस्कृतिक अधिकारमाथि प्रभुत्व जमाउँछन् ? गरिब किसानको घरमा किन गाँस, वास र कपासको समस्या भइरहन्छ ? नागरिकहरूका मौलिक हक तथा प्राकृतिक अधिकारमाथि किन शासकको सङ्कीर्णता हट्दैन ? नागरिकको मुक्तिको आधार के ? जस्ता प्रश्नहरु उनको मनमा तरल अवस्था रहन्थे । विश्वेश्वरप्रसाद कोइरालाले जनताको मुक्तिका लागि जहाँनिया राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापना आवश्यक ठान्थे । उनले प्रजातन्त्रमा मात्र जनताका अधिकार संरक्षित हुने विश्वास राख्थे । आवधिक निर्वाचन, सामाजिक न्याय, आर्थिक समानता, वाक् स्वतन्त्रता, सार्वभौम जनता, संवैधानिक राजतन्त्रबाट मात्रै जनताको सपना पूरा गर्नसक्ने विश्वास राख्थे । उनले परिवारका अतिरिक्त भारतीय नेता महात्मागान्धीको अहिंसात्मक आन्दोलन, कम्युनिस्ट सोसेलिस्टको व्यवहार, कांग्रेस सोसेलिस्टको व्यवहार पनि अभ्यास गरिसकेका थिए । उनले अच्युत पटवर्धन, देवेन्द्र, अवनेश्वर, रामानन्द मिश्र, रामबृक्ष वेनीपुरी, जगत्नन्दन सहाय लगायतका समाजवादी नेताहरूसँग मित्रता बढाए । दोस्रो महायुद्धको प्रभाव, विभिन्न राजनीतिक प्रणालीबीच भिन्नता, स्वतन्त्रता, समानता, भातृत्व तथा सहअस्तित्व जस्ता विषयहरु नै वीपी कोइरालाका राजनीतिक चिन्तनका प्रमुख आधार हुन् (पोखरेल, २०७०, पृ. १४-१८) ।

## निष्कर्ष :

दुम्जाबाट विराटनगर झरेका कृष्णप्रसाद कोइराला राणाकालका खरदार हुन् । उनले निकै धनसम्पत्ति जोडेका थिए । उनको विचारमा एक्कासि परिवर्तन आयो । उनले आफूलाई खान बस्न र धनसम्पत्ति जम्मा गर्नैका निम्ति ईश्वरले जन्म नदिएको महसुस गरे । धनसम्पति त जोसँग पनि हुनसक्दछ ।

पराधीनमा रहेर गरिएको भोगले एकजनालाई मात्र आन्नदित तुल्याउँदछ र उसलाई मात्र खुसी राख्छ । त्यो खुसीले कहिल्यै स्वतन्त्रता प्राप्त गर्न सक्दैन । त्यही विचारले नेपालमा निरङ्कुश शासन व्यवस्थाको अन्त्य गरायो । नेपालमा लोकतन्त्रको जग बसायो । उनले विभिन्न बहानामा होनहार युवाहरूलाई राणाहरूले क्रूर यातना दिएको कुरा पनि बुझेका थिए । कृष्णलाल अधिकारी जस्ता मानिसहरु अन्यायमा परेका थिए । लोकतन्त्रका पक्षमा वोल्ने गंगालाल श्रेष्ठ, दशरथचन्द, शुक्रराजशास्त्री र धर्मभक्त माथेमालाई फाँसीको सजाय दिइएको थियो । वीपी कोइरालाले लोकतन्त्रका लागि आफ्नो परिवार र धनसम्पत्तिको वेवास्ता गरी अवसरको रूपमा सदुपयोग गरे । उनले महात्मागान्धीको अहिंसात्मक आन्दोलन, मार्क्सवादीहरूको धारणा र नेपालमा राणाशासकले गरेको शासनसत्ताको तानाशाहीकरणबाट पाठ सिकी त्यसको अन्त्यका लागि हतियारसमेत उठाएको देखिन्छ । नागरिकहरूको मौलिक हक तथा अधिकारलाई स्थापित गर्न सोहीअनुसारको व्यवहार अवलम्बन गर्ने पद्धतिको परिकल्पना गरे । नेपालमा वीपी कोइरालाको नेतृत्वभन्दा अगाडि भएका आन्दोलनहरूमा आन्दोलनकारीको जित भएको देखिँदैन । वीपी कोइरालाको सोसेलिस्टसँगको सम्बन्धले निर्णायक आन्दोलन गर्नुपर्ने निष्कर्ष निकाल्यो । पारिवारिक राजनीतिक वातावरण र अन्तर्राष्ट्रिय समकक्षीहरूको उठबसबाटै वीपी कोइराला समाजवादी चिन्तक बन्नसके । गरिबको छाप्रो हाँसेपछि मात्र सिंहदरबार उज्यालो हुन्छ भन्ने उनको बुझाइ आर्थिक क्षेत्रसँग सम्बन्धित देखिन्छ भने महिला समिति गठन गर्ने जस्तो विषय राजनीतिक क्षेत्रसँग जोडिएको पाइन्छ । राणाशासकले उनको विचारलाई गलत ठान्नु र उनलाई पक्राउ गर्नु लोकतन्त्रमाथिको आक्रमण मान्न सकिन्छ । वाक्स्वतन्त्रामाथि अङ्कुश लगाउने अधिकार दैवीशक्ति वा ईश्वरबाहेक अन्य शक्तिलाई नहुने उनको तर्कमा दार्शनिक आधार भेटिन्छ । यही दर्शनका आधारमा राणाशासकसँग लड्ने निधो गरेको देखिन्छ । नागरिकलाई रैतीको व्यवहार गर्नु कुनै पनि व्यवस्थाको सुन्दर पक्ष होइन । यसले नागरिकको व्यक्तित्वलाई समेत प्रभाव पार्दछ भन्ने बुझाई वीपी कोइरालाको देखिन्छ । नेपालका हरेक जसो राजनीतिक परिवर्तनहरूमा उनको झल्को आइरहन्छ । वर्तमान संविधान २०७२ मा पनि उनले उठाएका विषयहरु समावेश गरिएका छन् । प्रजातन्त्रमा पनि केही सीमित स्वार्थीहरूको हातमा देशको शासन व्यवस्था जाने र त्यसविरूद्ध सर्वसाधारणले आन्दोलन गर्नुपर्ने वीपीको विचार अझै ताजा छ ।

## सन्दर्भसामग्रीहरू :


ओझा, गोरखराज (२०६८), लोकतन्त्र बजारमुखी अर्थतन्त्र र नेपाल, *विचार प्रवाह,* पोखराः प्रजातान्त्रिक विचार समाज पृ. ४९-५२ ।

कार्की, रत्नजड्ग (२०६८), वी.पी.को विचारमा नेपालको अखण्डता, राष्ट्रियता र प्रजातन्त्रको औचित्य, *विचार प्रवाह,* पोखराः प्रजातान्त्रिक विचार समाज पृ. ३३-३५ ।

कोइराला, वीपी. (२०५४), *जेल जर्नल,* ललितपुरः जगदम्बा प्रकाशन ।

गिरी, प्रदीप (२०६८), लोकतान्त्रिक समाजवाद पृष्ठभूमि र दिशाबोध, *विचार प्रवाह,* पोखरा : प्रजातान्त्रिक विचार समाज पृ. १-९ ।

पोखरेल, परसुराम (२०७०), *बी.पी. कोइरालाको आलेख, भाषण र अन्तरवार्ता,* काठमाडौं : सुकृति अपसेट ।

बस्नेत, पुरूषोत्तम (२०६६), *नेपाली कांग्रेसको इतिहासको प्रारुप,* ललितपुर : बंगालामुखी अफसेट ।

शर्मा, गणेशराज (सं.) २०६८), *आत्मवृत्तान्त* (पुनर्मुद्रण), ललितपुरः जगदम्बा प्रकाशन ।